आ.व. २०८१।०८२
वैठक:- नगर कार्यपालिका वैठक
अध्यक्षता:- नगर प्रमुख **सन्तोष लाल श्रेष्ठ**

वैठक नं. १0।0८१।0८२
मिति:-२०८२।01।0२ गते
स्थान:- ता.न.पा मिनिहल
समय:- दिउसो १.३० वजे

तानसेन नगर कार्यपालिकाको वैठक तानसेन नगरपालिकाका नगर प्रमुख **श्री सन्तोष लाल श्रेष्ठ** ज्युको अध्यक्षतामां देहायका पदाधिकारीहरुको उपस्थितिमा वसी निम्नानुसारको निर्णयहरु सहित सम्पन्न गरियो ।

## उपस्थिति

| उपस्थिति | नाम थर | पद | ठेगाना | कार्यपालिका |
|---|---|---|---|---|
| | श्री सन्तोषलाल श्रेष्ठ | नगर प्रमुख | ता.न.पा. २ | अध्यक्ष |
| | श्री प्रतिक्षा सिंजाली | नगर उपप्रमुख | ता.न.पा. ४ | सदस्य |
| | श्री यादव सिंह कार्की | वडा अध्यक्ष (प्रवक्ता) | ता.न.पा.११ | सदस्य |
| | श्री सुनिल कुमार बस्याल | वडा अध्यक्ष | ता.न.पा. १ | सदस्य |
| | श्री महेश्वर श्रेष्ठ | वडा अध्यक्ष | ता.न.पा २ | सदस्य |
| – | श्री वावुरत्न शाक्य | वडा अध्यक्ष | ता.न.पा ३ | सदस्य |
| | श्री हेमन्तराज शाक्य | वडा अध्यक्ष | ता.न.पा. ४ | सदस्य |
| | श्री राम बहादुर रावल | वडा अध्यक्ष | ता.न.पा ५ | सदस्य |
| – | श्री सागरमान महर्जन | वडा अध्यक्ष | ता.न.पा.६ | सदस्य |
| | श्री प्रदिप खनाल | वडा अध्यक्ष | ता.न.पा ७ | सदस्य |
| | श्री सोमनाथ अर्याल | वडा अध्यक्ष | ता.न.पा.८ | सदस्य |
| | श्री राजेश कुमार अर्याल | वडा अध्यक्ष | ता.न.पा.९ | सदस्य |
| | श्री हिमलाल पंगेनी | वडा अध्यक्ष | ता.न.पा.१० | सदस्य |

| | | | |
|---|---|---|---|
| श्री मेजर सिंह केसी | वडा अध्यक्ष | ता.न.पा.१२ | सदस्य |
| श्री टुकप्रसाद भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१३ | सदस्य |
| श्री शोभाकर भट्टराई | वडा अध्यक्ष | ता.न.पा.१४ | सदस्य |
| श्री लक्ष्मी नेपाल | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री मन्जु वि.क | कार्यपालिका सदस्य | ता.न.पा. १ | सदस्य |
| श्री सविता भट्टराई | कार्यपालिका सदस्य | ता.न.पा. २ | सदस्य |
| श्री पुजा रावल | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री लक्ष्मी विश्वकर्मा | कार्यपालिका सदस्य | ता.न.पा. ५ | सदस्य |
| श्री दिनेश गन्धर्व | कार्यपालिका सदस्य | ता.न.पा. ६ | सदस्य |
| श्री संजय घले | कार्यपालिका सदस्य | ता.न.पा. ४ | सदस्य |
| श्री अनु रामदाम | कार्यपालिका सदस्य | ता.न.पा. १० | सदस्य |
| श्री पिताम्वर पाण्डे | प्रमुख प्रशासकीय अधिकृत | ता.न.पा.का | सचिव |
| श्री लक्ष्मी पाण्डे | का.वा. वडा अध्यक्ष-३ | ता.न.पा.३ | |
| श्री गोमा गैरे | " -६ | " ६ | |

तानसेन नगरपालिका नगर कार्यपालिकाको कार्यालय तानसेन, पाल्पा लुम्बिनी प्रदेश, नेपाल

**निर्णय न. १**

तानसेन नगर कार्यपालिकाको मिति २०८१।१२।६ गतेको बैठकबाट भएका निर्णयहरु कार्यान्वयनको समीक्षा गरियो ।

**निर्णय नं. २**

कृषि, रोजगार, पर्यटन, उद्योग र व्यापार दोस्रो तानसेन महोत्सव-२०८१ मिति २०८१ चैत्र २२ देखि २०८२ बैशाख ३ गतेसम्म संचालन हुने गरी नगरपालिकासंग सम्झौता भएकोमा हावाहुरी र बर्षा जस्ता प्राकृतिक प्रकोपका कारण सम्झौतामा रहेको प्रावधानका आधारमा रही मिति २०८२।१।६ गते ३ (तीन) दिन थप गर्ने र २०८२।१।७ गते दिनको २.३० वजे औपचारिक समापन कार्यक्रम गर्ने निर्णय गरियो । साथै यस कार्यक्रममा प्रमुख अतिथि एवं अन्य विशिष्ट अतिथिको आगमन एवं स्वागत सत्कार र उद्घाटन तथा व्यवस्थापनमा भएको खर्च रकम रु.२,५२,९५४।. नगर विकास योजनाको मेला महोत्सव संचालन खर्च शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं. ३**

स्थानीय तहको वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा दिग्दर्शन, २०७८ बमोजिम आगामी आर्थिक बर्षको योजना तर्जुमा कार्य अगाडि बढाउन सम्वन्धित सबै समितिहरु र शाखाहरुलाई निर्देशन दिने निर्णय गरियो । साथै LISP को कार्यक्रम तथा वडा र नगरस्तरीय योजना तथा कार्यक्रम छनौट गरी समय सीमा भित्र सम्वन्धित समितिमा पेश गर्न निर्देशन दिने निर्णय गरियो ।

**निर्णय नं. ४**

लुम्बिनी प्रदेश सरकार, आन्तरिक मामिला तथा कानून मन्त्रालयको च.नं.६२७, मिति २०८१।१२।२७ गतेको पत्रबाट प्रदेश विपद् व्यवस्थापन कोषबाट रकम रु.७५,००,०००। (पचहत्तरलाख रुपैया मात्र) निकासा दिने बारेको पत्र बैठकमा जानकारी भयो । उक्त रकमबाट तानसेन नगरपालिका वडा नं. ५ कैलाशनगर देउराली स्थित उच्च पहिरोको जोखिममा रहेको देउराली वस्ती संरक्षणका लागि भएको वोलपत्र आह्वान कार्य अनुमोदन गर्ने निर्णय गरियो । साथै प्रदेश विपद व्यवस्थापन कोषबाट प्राप्त हुने बाँकी रकमबाट रानीमहलमा शौचालय लगायत आवस्यक पूर्वाधार निर्माण कार्य गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

आ.व.२०८१।०८२ को चैत्र मसान्तसम्मको आय रु.७९७१०६६५५।१० र व्यय रु.६२९८०५८३०।९२ बैठकवाट स्वीकृत गरी सार्वजनिक गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

श्रीनगर पर्यापर्यटन सामुदायिक वन उपभोक्ता समिति र यस नगरपालिका बीच श्रीनगर क्षेत्रको सौन्दर्यकरण तथा व्यवस्थापनको लागि सम्झौता अगाडि बढेकोमा यस अनुसारका कार्यहरु प्रभावकारी रुपमा कार्यान्वयन गर्न तानसेन नगरपालिकाबाट तयार गरिएको श्रीनगर पर्यापर्यटन योजना व्यवस्थापन समितिको लागि आर्थिक तथा प्रशासन संचालन सम्वन्धी कार्यविधि, २०८२ स्वीकृत गर्ने निर्णय गरियो । साथै पूर्व सम्झौता र कार्यविधिको आधारमा तानसेन नगरपालिका र श्रीनगर पर्यापर्यटन सामुदायिक वन उपभोक्ता समुह बीच परिक्षणको लागि सम्झौताको मितिले १ वर्षको सम्झौता गरी कार्य प्रकृया अगाडी बढाउने निर्णय गरियो ।

पितम्बर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

**निर्णय नं. ७**

तानसेन नगरपालिकाको उर्जा प्रभावकारिता सम्बन्धी व्यवस्था, २०८२ अनुसारको मापदण्ड (By laws) २०८२ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

तानसेन नगरपालिका क्षेत्रभित्र रहेका सरकारी तथा गैरसरकारी र नीजि भवनको प्रभावकारी अभिलेख व्यवस्थापन आवश्यकता भएकोले यसको अभिलेखिकरणको कार्य अगाडि बढाउन ३५ दिने सूचना प्रकाशन गर्ने र यस कार्यको सर्वसाधारणलाई जानकारी गर्न आवस्यक प्रचारप्रसार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

यस कार्यालयमा ४ जना कार्यालय सहयोगी (श्रेणी विहिन पद)को आव्रस्यकता भएकोले हाललाई ४ जना कार्यालय सहयोगी दैनिक ज्यालादारीमा लिई काममा लगाउने निर्णय गरियो ।

**निर्णय नं. १०**

पर्यटन विकास बोर्डबाट रानीमहल सौन्दर्यकरण गर्ने गरी ७ लाख बजेट विनियोजन भएकोमा रानीमहल सौन्दर्यकरण कार्यको लागि यस नगरपालिकाबाट चालु आ.व.को नगर विकास योजनाको **मेयर पूर्वाधार विकास कार्यक्रम** शिर्षकबाट ७ लाखको २० प्रतिशतले हुन आउने रकम रु.१४०००० (एकलाख चालिसहजार मात्र) साझेदारी गरी निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. ११**

तानसेन नगरपालिका भित्र रहेको प्राकृतिक, ऐतिहाँसिक, पुरातात्वीक र सांस्कृतिक क्षेत्रको विशेषता समेट्ने गरी तानसेन नगर ब्राण्डिङ्ग (**CITY BRANDING**)को लागि पर्यटन विकास बोर्ड र तानसेन नगरपालिका बीच सहकार्य गर्ने निर्णय गरियो । साथै यस नगरपालिका भित्र रहेका होमस्टेको स्तरोन्नतीको लागि सरोकारवालाहरुको क्षमता विकास, आवश्यक कानूनहरुको निर्माण र कोशेली घरको स्तरोन्नतीको लागि पर्यटन विकास बोर्डमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

नेपाली सेनाबाट तेस्रो ऐतिहासिक गोरखा-जितगढी (पाल्पा खण्ड) पदयात्रा कार्यक्रमको लागि यस नगरपालिकाबाट दि फेमस महेन्द्र दल गण नागपोखरी पाल्पा व्यारेकवाट अनुरोध भए अनुसार सम्बन्धित वडाहरुबाट आवश्यक समन्वय र सहकार्य गर्ने साथै यसको लागि पदयात्रामा सहभागी हुने नेपाली सेनालाई खाना, खाजा, वास तथा स्वागत सत्कारका लागि हितकारी कोषवाट रु.५००००। विनियोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**

तानसेन नगरपालिका वडा नं.१३ मा स्वास्थ्य इकाई निर्माणको लागि लुम्बिनी प्रदेश सरकारबाट शसर्त अनुदान तर्फ रकम रु.२००००००। प्राप्त भएकोमा जग्गा धनी श्री टुक प्रसाद भट्टराईबाट सोही वडाको छेर्लुङ्गको कि.नं ३५९ र ३६१ को ०-८-०-० क्षेत्रफल रहेको जग्गा उपलब्ध गराउने प्रतिवद्धता गर्नु भएकोमा धन्यवाद ज्ञापन गर्दै उक्त प्रतिवद्धता वमोजिमको जग्गा छेर्लुङ्ग स्वास्थ्य ईकाईको नाममा ल्याउने, प्रकृया सम्पन्न हुनासाथ निर्माण कार्य अगाडि वढाउनु पर्ने भएको र टेण्डर प्रकृयावाट गर्दा समय अभाव हुन हुँदा हाललाई उक्त निर्माण कार्य उपभोक्ता समिति मार्फत हुने गरी आवश्यक प्रक्रिया अगाडि बढाउन लुम्बिनी प्रदेश सरकार सामाजिक विकास मन्त्रालयमा अनुरोध गर्ने निर्णय गरियो ।

दिवाकर पाण्डे
प्रमुख प्रशासकीय अधिकृत

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख

CamScanner

**निर्णय नं. १४**

तानसेन नगरपालिकाको लागत साझेदारीमा अगाडि बढाइएका स्वीकृत योजनाहरुमा देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

देहाय :

| साविक सि.नं. | कायम भएको योजनाको नाम | वडा नं. | जनसहभागिता रकम रु. | न.पा बाट रकम रु. |
|---|---|---|---|---|
| १३ | नेपाल मानव धर्म सेवा समिति भवन तथा कम्पाउण्ड निर्माण | ५ | ८०००००।०० | ८०००००।०० |
| १९ | राम प्रसाद ढुङ्गानाको घर बाट दुर्गा प्र.श्रेष्ठको घर हूदै सूमित्रा घिमिरेको घरसम्म बाटो स्तरोन्नती | ७ | ७०४५३७९९ | ७०४५३७९९ |
| २१ | वडा नं.७ कर्यालय प्रभास देखि सूर्यकूण्ड कमलपोखरी सम्म नाली निर्माण तथा सडक स्तरोन्नती | ७ | ५०००००।०० | ५०००००।०० |

**निर्णय नं. १५**

स्थानीय पूर्वाधार सहयोग कार्यक्रम (LISP) र तानसेन नगरपालिकाको लागत साझेदारीमा अगाडि बढाइएका स्वीकृत योजनाहरु बोलपत्र मार्फत निर्माण कार्य अगाडि बढाउने गरी भएको प्रक्रियामा ठेक्कापट्टा मार्फत कार्य अगाडि बढाउदा कुल प्राप्त वजेटमा हुने बचत रकमबाट यस नगरपालिकाको प्राथमिकतामा परेको देहायको योजना छनौट गरी बोलपत्र मार्फत निर्माण कार्य अगाडि बढाउने निर्णय गरियो ।

| सि. नं. | आयोजनाको नाम | वडा नं. | LISP रकम रु. | न.पा.सहभागिता रकम रु. |
|---|---|---|---|---|
| १ | सिद्धार्थ राजमार्ग अन्तर्गत बृन्दावन देखि प्रजातन्त्र प्रा.वि. हुदै १० नं. वडा कार्यालय र वालकन्या भगवती स्कूलसम्मको वाटो स्तरोन्नती गर्ने | १० | ४६,४०,०००। | १८,६०,०००। |

**निर्णय नं. १६**

तानसेन नगरपालिकाको विद्यालयमा आधारित विपद् जोखिम न्यूनिकरण स्रोत केन्द्र संचालन कार्यविधि, २०८१ स्वीकृत गर्ने निर्णय गरियो । साथै यस कार्यविधिको आधारमा हाललाई तानसेन नगरपालिका वडा नं. ३ अन्तर्गत श्री पद्म पब्लिक माध्यामिक विद्यालयको हाताभित्र कार्य शुभारम्भ गर्नेगरी **तानसेन नगरपालिका, Citynet plus Art जापान र डिजाष्टर एजुकेशन प्रोग्राम अफिस काठमाण्डौसंग** त्रिपक्षीय सहकार्य गर्नेगरी कार्यक्रम सम्झौता गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

आगामी आ.व.२०८२।०८३ को लागि सम्बन्धित समिति, शाखा र वडा कार्यालयलाई बजेट सिलिङ्ग तथा मार्गदर्शन पठाउने, वजेट नीति तथा कार्यक्रम तर्जुमाका लागि सम्वद्ध समिति, शाखाहरुलाई आवस्यक तयारी गर्न लगाउने निर्णय गरियो ।

सन्तोष लाल श्रेष्ठ
नगर प्रमुख